<u>बैठक संख्या : १७१</u>

आज मिति २०८२/०२/०१ गते बिहिवार बिहान ९:०० बजे यस गजुरी गाउँपालिकाका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिकाको बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विसुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | १ नं. वडाध्यक्ष | |
| ४ | श्री द्रोण कंडेल | २ नं. वडाध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री भक्त बहादुर तामाङ | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री बद्रि प्रसाद जम्मकट्टेल | ७ नं. वडाध्यक्ष | |
| १० | श्री देवराज ओझा | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ इल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |

१८ श्री पुरन प्र. अधिकारी व.डि.अ.

## एजेण्डा र निर्णयहरु

१. नदीजन्य पदार्थको आय ठेक्का सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं.१ उपर छलफल गर्दा गजुरी गाउँकार्यपालिकाको मिति २०८१।०२।०४ बाट स्वीकृत "गजुरी गाउँपालिका भएर बग्ने बेल्खु, दरियाल, मलेखु र त्रिशुली नदि बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवाको संकलन तथा उत्खनन कार्य सञ्चालनका लागि गरिएको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन" अनुसार ढुंगा, गिट्टी र बालुवाको संचालन तथा उत्खनन सञ्चालन अवधि दुई वर्षको भएकोले गजुरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को लागि ढुङ्गा, गिट्टी र बालुवा उत्खनन, संकलन तथा बिक्री शुल्क उठाउने प्रयोजनार्थ सोही स्वीकृत परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (बुदा नं २ अध्ययन बिधिको पेज नं. ६ र ७) अनुसारको संकलन/उत्खनन परिमाण र क्षेत्रबाट गजुरी गाउँपालिकाको चालु आर्थिक ऐन, २०८१ को अनुसूची ७ बमोजिमको ढुंगा, गिटी, वालुवा, ग्राभेल र रोडा उत्खनन संकलन बिक्रि तथा निकासी बापत प्रति क्यूब फिट रु. ९/- कायम गराइ आयठेक्का विद्युतिय बोलपत्रमार्फत गर्ने भनी राजश्व परामर्श समितिले मिति २०८२ बैसाख ३० गते निर्णय गरी सिफारिस गरेको हुदाँ सो निर्णय अनुमोदन गरी सोही निर्णय बमोजिम गर्ने सर्वसहमतीवाट निर्णय गरियो ।

२. करारीय सम्झौता उल्लंघन भएको हुदाँ क्षतिपुर्ती(ब्याज) दावी गर्ने सम्वन्धमा

निर्णय नं. २: गजुरी गाउँपालिका र आदित्य एण्ड आदेश कन्स्ट्रक्सन प्रा.लि. धादिङविच मिति ०८१।०३।३० मा गजुरी गाउँपालिकालको ढुंगा, गिट्टी, बालुवा, उत्खनन, निकासी तथा बिक्री शुल्कको आय ठेक्काको सम्झौता भई कार्य भईरहेकोमा निर्माण व्यवसायी (आदित्य एण्ड आदेश कन्स्ट्रक्सन प्रा.लि. धादिङ)ले सम्झौता बमोजिम समयमै ठेक्काको किस्ता(दोस्रो किस्ता र तेस्रो किस्ता) रंकम नवुझाई करारीय सम्झौताको शर्त उल्लंघन गरेको हुदाँ सम्झौता बमोजिम वुझाउनुपर्ने किस्ता रकमको एकमुष्ट १० प्रतिशतले हुन आउने व्याज सहित मिति २०८२ जेष्ठ ३ गते भित्र वुझाउन निर्माण व्यवसायीलाई ताकेता गर्ने र ताकेता गरेको समय भित्र नवुझाएमा सम्मानित धादिङ जिल्ला अदालतमा ब्याजसहितको रकम भराउन गाउँपालिकाको तर्फवाट लिखित मुद्दा पेश गर्ने । सो कार्यका लागि बरिष्ठ शाखा अधिकृत श्री पुजन प्रसाद अधिकारीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३. सार्वजिनक सुनुवाई गर्ने सम्वन्धमा

निर्णय नं. ३: प्रत्येक आ.व. को विभिन्न समयमा गजुरी गाउँपालिकाले सार्वजनिक सुनुवाई गर्नुपर्ने कानूनी व्यवस्था भएको हुदाँ गाउँपालिकाले मिति २०८२ जेष्ठ ७ गते गर्ने निर्णय गरियो ।

४. वुलेटिन प्रकाशन गर्ने सम्वन्धमा

निर्णय नं. ४: गजुरी गाउँपालिकाले मिति २०८१ जेष्ठ १ देखि २०८२ बैसाख मसान्तसम्म सम्पादन गरेका क्रियाकलापहरु समेटिएको गजुरी गाउँपालिका वुलेटिन तेस्रो अंक प्रकाशन गर्ने निर्णय गरियो।

हेम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

५. परामर्श सेवा खरिद सम्बन्धमा ।

निर्णय नं. ९. : आ.व. २०८१।८२ को बजेटमा परामर्श सेवामा विनियोजित बजेट शिर्षकबाट प्राविधिक शाखाबाट तयार भएको तपशिलको कार्यक्षेत्रगत शर्त(TOR ) र लागत अनुमान स्वीकृत गरी सो लागत अनुमान बमोजिमको परामर्श सेवा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७२ बमोजिम मौजुदा सुचीमा रहेका परामर्शदाताहरुसँग प्रस्ताव माग गरी खरिद गर्ने निर्णय गरियो ।

तपशिलः

१. प्रशासकीय भवनको फर्निचर तथा फर्निसिङको लागि Interior Design - रु. ४,९५,२५१.८८।-(चार लाख पन्चानब्बे हजार दुई सय एकाउन्न रुपैया अठासी पैसा)

६. पञ्चकन्या केरावारी दलितबस्ती सडक स्तरोन्नी योजनाको भेरिएसन आदेश सम्बन्धमा ।

निर्णय नं. ९. : आ.व. २०८१।८२ को बागमती प्रदेशको समपुरक अनुदान अन्तर्गतको पञ्चकन्या केरावारी दलितबस्ती सडक स्तरोन्नी योजना ठेक्का बन्दोवस्त भई निर्माणको चरणमा नालीको अन्तिम विन्दु वस्ति क्षेत्रमा परी वस्ति नै जोखिम पर्ने भनी स्थानीयको जनगुनासो, निर्माण कम्पनीको भेरिएसन आदेशको निवेदन सहित पूर्वाधार विकास शाखाको प्रतिवेदनको आधारमा तयार गरी पेश गरेको भेरिएसन आदेश(VO-01) शुरुको सम्झौता रकम (रु ७७ लाख ६८ हजार १ सय ९५ रुपैया ३१ पैसा)मा थप दायित्व सिर्जना नहुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

२०८१।०४।०७

हेम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत